मृतकलाई गालीगलौज नगर, किनकि उनीहरू पहिले गरेका (राम्रा वा नराम्रा) कर्मतर्फ फर्किसकेका छन् ।”

आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकि छिन, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : मृतकलाई गालीगलौज नगर, किनकि उनीहरू पहिले गरेका (राम्रा वा नराम्रा) कर्मतर्फ फर्किसकेका छन् ।”
[सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मृतकलाई गाली गलौज गर्न र तिनीहरूको इज्जतसँग खेलबाड गर्न हराम गर्नु भएको छ । यो असभ्यता र अभद्रता पनि हो, किनभने उनीहरु अघि पठाएका राम्रा वा नराम्रा कर्महरूमा पुगिसकेका छन् । दोस्रो कुरा तिनीहरूको बारेमा खराब बोलियो भने, यो तिनीहरूमा पुग्दैन, तर यसले जीवितहरूलाई चोट पुर्याउँछ ।

http://sunnah.global/hadeeth/ne/show/5364